राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ५५५/२०७२/०७३

निर्णय नं. ६६०

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ..................................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), कृष्णनगर नगरपालिकाको कार्यालय, कपिलवस्तु ...........१ विपक्षी

सूचना अधिकारी, कृष्णनगर नगरपालिकाको कार्यालय, कपिलवस्त ..................................१

विषय :– माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले कृष्णनगर नगरपालिकाको कार्यालय, कपिलवस्तु समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । सो सम्बन्धमा आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम कृष्णनगर नगरपालिकाको कार्यालय, कपिलवस्तु लाई मिति २०७२।०७।३०, च.न ५१९ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको। तत् पश्चात उक्त कृष्णनगर नगरपालिका कार्यालय, कपिलवस्तुको मिति २०७२।०९।३०, च.नं.५९२ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई प्रेषित गरी सो को जानकारी बोधार्थ पत्रको माध्यमबाट आयोगलाई समेत जानकारी गराईएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल फागुन ९ गते रोज १ शुभम् ।